# नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७६ को उद्घाटन समारोह सम्बन्धी प्रेस विज्ञप्ती

नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरुको पहिलो राष्ट्रिय सम्मेलनले प्रत्येक तीन वर्षमा राष्ट्रिय सम्मेलनको आयोजना गर्ने गरी घोषणापत्र जारी गरेको एवम् मुलुकी अपराध संहिता लगायतका नयाँ फौजदारी कानूनहरु कार्यान्वयनमा आएको सन्दर्भमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुलाई एकै थलोमा जम्मा गरी अपराध अनुसन्धान र अभियोजनको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका लागि साझा दृष्टिकोण विकास गर्न तथा नयाँ कानूनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयको संयुक्त आयोजनामा मिति २०७६ साल पौष ४, ५ र ६ गते काठमाडौंमा "व्यवसायीक चरित्र, पारदर्शी व्यवहार, निष्पक्ष अनुसन्धान र अभियोजन न्यायको आधार" भन्ने नाराका साथ दोस्रो सम्मेलन आयोजना गरिएको हो ।

सम्मेलनमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानकर्ता नेपाल प्रहरीका अनुसन्धान अधिकृतहरु, अभियोजनकर्ता सरकारी वकीलहरु, विधिविज्ञान विज्ञ समेतका सरोकारवाला निकायका प्रतिनिधिहरु तथा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयबाट तोकिएका अन्य सहभागीहरु गरी करिव ६२५ जनाको सहभागिता रहेको छ ।

सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको विद्यमान अवस्थाको समीक्षा गरी सुधारका क्षेत्रहरु पहिचान गर्नु, सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनको प्रभावकारिता अभिवृद्धिका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताहरुको बीचमा समन्वयको विकास गर्नु, अपराध अनुसन्धान र अभियोजनमा देखिएका समस्या र चुनौतीहरु सम्वोधन गर्नका लागि साझा धारणा विकास गर्नु र अपराधको अनुसन्धान र अभियोजन सम्वन्धी नयाँ कानूनी व्यवस्था र अभ्यासका बारेमा जानकारी गराई कार्यान्वयनमा एकरुपता कायम गर्नु लगायतका उदेश्यहरु यस राष्ट्रिय सम्मेलनले राखेको छ ।

सम्मेलनको समुद्घाटन समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै प्रहरी महानिरिक्षक श्री सर्वेन्द्र खनालज्यूले सम्माननीय प्रधानन्यायाधीश लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक कृतज्ञता ज्ञापन गर्नु भयो ।

सम्मेलनको समुद्घाटन सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर ज. ब. रा. ज्यूबाट भयो । सम्मेलनको समुद्घाटन गर्दे उहाँले फौजदारी न्याय प्रणालीको मेरुदण्डको रुपमा रहेका नेपाल प्रहरी र सरकारी वकीलहरुको राष्ट्रिय सम्मेलनले निरन्तरता पाएकोमा खुशी व्यक्त गर्दै प्रमुख अतिथिको रुपमा सम्मेलनको उद्घाटन गर्ने अवसर प्रदान गरेकोमा महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालय प्रति धन्यवाद ज्ञापन गर्दै सम्मेलनको सफलताको कामना गर्नुभयो । फौजदारी न्याय प्रणालीको प्रभावकारीताको लागि स्वतन्त्र, निष्पक्ष, सुदृढ एवं सक्षम अनुसन्धान र अभियोजन अपरिहार्य छ । न्याय प्रणलीको आस्था र विश्वास अभिवृद्धिका लागि यसका सम्पूर्ण अवयवहरुको सक्षमता, विश्वसनियता र कृयाशीलता त्यतिकै आवश्यक हुन्छ । अभियोजनकर्ताको स्वतन्त्रता, निष्पक्षता, सक्षमता र जवाफदेहिताका सम्बन्धमा राष्ट्रिय एवम् अन्तराष्ट्रिय स्तरमा विभिन्न प्रयासहरु हुनुका साथै सो सम्बन्धी मापदण्डको विकास भएको छ । प्रस्तुत राष्ट्रिय सम्मेलन यसैको एक कडी भएको उहाले बताउनुभयो । नागरिक कानूनका रुपमा रहेका संहिताहरु आफैमा विस्तृत, जटिल र महत्वपूर्ण छन् । कानूनका व्यवस्थाहरु आफैमा कार्यान्वयनमा आँउदैनन् । त्यसका लागि आवश्यक पूर्वाधार र सम्बद्ध

निकायहरुको स्पष्ट प्रतिबद्धता अपरिहार्य हुन्छ । सँगसँगै न्याय प्रशासनमा आबद्ध निकाय र जनशक्तिहरुमा अवधारणागत स्पष्टता, सक्षमता एवम् संहिताहरुको प्रयोगमा समेत त्यतिकै आवश्यकता छ भन्दै यस सम्मेलनले संहितामा व्यवस्था गरिएका नयाँ कुराहरुलाई समेत घनिभुत रुपमा छलफल गरी एउटा साझा धारणा बनाउन सफल रहने कुरामा विश्वास व्यक्त गर्नुभयो । सो समारोहमा न्याय प्रशासनसँग सम्बन्धित सबै निकायका उच्च तहका पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो । कार्यक्रमको सभापतित्व माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलज्यूले गर्नुभएको थियो भने प्रमुख अतिथि सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.ज्यू को प्रमुख आतिथ्यमा भएको थियो । यस समारोहमा अतिथिको रुपमा माननीय गृहमन्त्री श्री राम बहादुर थापा "बादल" समेत रहनुभएको थियो । अतिथिको रुपमा नेपाल बार एशोसियनका अध्यक्ष श्री चण्डेश्वर श्रेष्ठको समेत उपस्थिति रहेको थियो । उहाले सम्मेलनको शुभकामना व्यक्त गर्दै हाल अपराध अनुसन्धान तथा अभियोजनमा नयाँ नयाँ चुनौती देखा पर्न थालेको अवस्थामा वैज्ञानिक परीक्षण, स्वच्छ सुनुवाइको सिद्धान्त लागू गर्ने हो भने नागरिकको न्याय सम्पादन गर्ने निकाय प्रति विश्वास बढ्ने बताउनु भएको थियो ।

समारोहमा महान्यायाधिवक्ताज्यूले समापन मन्तव्य व्यक्त गर्दै कुनै पनि मुलुकमा कानूनको शासनको अवस्थाको मूल्यँकन गर्ने प्रमुख सूचक फौजदारी कानूनको कार्यान्वयन नै हो । त्यसमा पनि खास गरी अपराध नियन्त्रणको अवस्था नै हो । अपराध नियन्त्रणका लागि प्रभावकारी फौजदारी कानूनको आवश्यकता पर्दछ । त्यसका साथै कानूनको पालना गर्ने नागरिक संस्कार एवम् कानून कार्यान्वयन गर्ने निकायको सक्षमता र प्रभावकारिता आवश्यक पर्दछ । फौजदारी कानून कार्यान्वयनका लागि अपराध अनुसन्धान र अभियोजन महत्वपूर्ण पाटा हुन्,जसले न्याय सम्पादन प्रक्रियालाई सहयोग गर्दछ । समग्र फौजदारी न्याय प्रणालीको उन्नयनका लागि अपराध अनुसन्धान गर्ने निकाय र अभियोजन गर्ने निकायको साझा क्रियाशिलता आवश्यक छ । यी दुई निकायहरु बीच समन्वय र सहकार्य नै यसको कसी हो । नेपालको फौजदारी न्याय प्रशासनमा अपराध अनुसन्धानको जिम्मा नेपाल प्रहरीलाई र अभियोजनको जिम्मा सरकारी वकीलहरुलाई दिइएको छ । यी दुवै निकायका कार्यात्मक स्वायत्तता पनि छन् । समन्वयपूर्वक कार्य सम्पादन गर्नुपर्ने जिम्मेवारी पनि कानूनले नै निर्धारण गरिदिएको छ । कानून र व्यवस्था कायम गर्ने राज्यको दायित्व पूरा गर्न यी दुवै निकायहरु क्रियाशील रहन्छन् । त्यसैले यहाँ एक अर्का बीच प्रतिस्पर्धा वा नकारात्मकताको कुनै आवश्यकता देखिदैन । यो साझा जिम्मेवारी र उत्तरदायित्व बहन गर्ने विषय हो जसको पारख न्याय सम्पादन प्रक्रिया एवम् नागरिक मूल्यांकनबाट निरन्तर भइरहेको हुन्छ भन्दै उपस्थित सम्माननीय प्रधानन्यायाधिशज्यू लगायत सम्पूर्ण उपस्थित महानुभावहरुप्रति धन्यवाद ज्ञापन समेत गर्नुभयो ।

तीन दिवसीय सम्मेलनमा उद्घाटन सत्र र समापन सत्रका अलावा सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनकर्ताको कार्य सम्पादनसँग सम्वन्धित विभिन्न विषयमा छलफल हुनेछ ।

देशै भरीबाट सहभागिको रुपमा आएका अनुसन्धानकर्ता प्रकरी अधिकृत र अभियोजनकर्ता सरकारी वकीलहरुलाई विभिन्न ६ वटा समूहमा विभाजन गरी बृहतरुपमा मुलुकी अपराध संहिताको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु, मुलुकी फौजदारी कार्यविधि संहिताको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरु ,अपराध अनुसन्धान तथा नियन्त्रण कार्ययोजना (CAP) कार्यान्वयनको अवस्था र

सुधारका प्राथमिकताहरु, सरकार वादी मुद्दाको प्रभावकारिताका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गरिएका प्रयासहरु र अनुसन्धानकर्ता एवम् अभियोजनकर्तासँग राखिएका अपेक्षाहरु, सरकार वादी मुद्दाको अनुसन्धानमा गरिने प्रमाण संकलन एवम् परीक्षणको अवस्था , फौजदारी न्याय प्रशासनको प्रभावकारिताका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचको समन्वय र सहकार्य लगायतका विभिन्न १४ वटा बिषयमा छलफल हुनेछ ।